राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २८५ ॥ २०८१ मंसिर २१ गते शुक्रबार (6th Dec 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

### रुद्राक्षको शिवलिङ्गबारे विवाद

# मोहनशरण र नन्दकिशोरलाई ज्यान मार्ने धम्की



• **विनोद सापकोटा**

झापा । अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्यजी महाराज र गोलोक गोवर्धन गौशालाका अध्यक्ष आचार्य श्री नन्दकिशोरजी महाराजलाई ज्यान मार्ने धम्की आएको छ ।

सामाजिक सञ्जालमा नारायण सिग्देलले बालसन्त र नन्दकिशोरको ज्यान लिने धम्की दिएका हुन् । उनले आफ्नो सामाजिक सञ्जालको पेजमा लेखेका छन् ' बालसन्त र नन्दकिशोरलाई बचाउने कोही भए राति नै भगाए हुन्छ। भोलि म सताक्षीधाम आउनेछु। कि मर्छु कि मार्छु ।'

सिग्देलले यो यो धम्की बुधबार दिएका हुन्। बिहीबार धाम परिसरमा पुगेर दुई सन्तलाई मार्ने उनले धम्की दिए । सिग्देलको पहिचान भइसकेको प्रहरी अधिकारीले बताएका छन्। यद्यपि गोप्य राखिएको बताइएको छ ।

सन्तको ज्यान लिने सिग्देलविरुद्ध कानुनी उपचार खोज्ने गोलोक गोवर्धन गौशालाले जनाएको छ। यसैबीच शिवसताक्षी नगरवासीले धार्मिक गुरुहरूविरुद्ध दिएका अभिव्यक्ति तत्काल सच्याउन र सार्वजनिक रूपमा माफी माग्न अपिल गरेका छन्।

सताक्षीधाममा गोलोक गोवर्धन गौशालाले दशौँ वार्षिक उत्सवका अवसरमा विविध कार्यक्रम आयोजना गरिरहेको छ। सोही कार्यक्रमअन्तर्गत सवा करोड रुद्राक्षजडित ५१ फिट अग्लो शिवलिङ्गमा लगाइएको चन्दनका विषयमा विवाद भएको बताइएको छ ।

सताक्षीधाम मन्दिर तथा पर्यटकीय विकास संस्थाका उपाध्यक्ष उदयप्रकाश राईले सामाजिक सञ्जालमा लोकले मानेका धर्म गुरुको ज्यान लिने अभिव्यक्ति आफूहरूलाई वाञ्छनीय नभएको बताएका छन्। 'कुनै पनि विषयको विवाद भए तर्क वितर्क गरेर समस्याको समाधान खोज्न सकिन्छ,' उपाध्यक्ष राईले भने 'तर सामाजिक सञ्जालमा ज्यानको धम्की दिने सिग्देललाई तत्काल पक्राउ गरेर कानुनी कारबाही गर्न प्रशासनसँग माग गर्दछु ।'

नेपालको संविधानमा कहीँ कतै पनि कसैले कसैको ज्यान लिन पाउने अधिकार उल्लेख नभएको राईले बताए । 'त्यसकारण यो कानुनसम्मत नभएकाले सिग्देललाई तत्काल पक्राउ गरेर कानुनी कारबाही गरियोस्,' राईले भने ।

सामाजिक सञ्जालमै अर्का सीताराम तिम्सिनाले पनि धार्मिक गुरुहरूको नाम जोडेर सताक्षीधाममा आयोजना भइरहेको गौरक्षा महोत्सव भाँड्ने प्रयास गरेका छन्। उनले पनि शिवलिङ्गमा लगाइएको चन्दनको विषयलाई विवाद झिकेर सामाजिक सञ्जालमा विष बमन गरेका छन्।

वैदिक सनातन धर्म संरक्षण समिति झापालाई जोडेर तिम्सिनाले शास्त्रीय ज्ञानको अभावमा शिवलिङ्गको विषयमा अफवाह फैलाएको बालसन्तले बताए । अनन्त श्री विभूषित मोहनचरण देवाचार्यजी महाराजले भने 'रुद्राक्षमा लगाइएको चन्दनका विषयमा शास्त्रार्थ प्रमाण, परम्परा र प्रयोगका विषयमा थोरै भएपनि अध्ययन गरेर मात्र विवाद निकाल्न म सम्बन्धित व्यक्तिलाई अनुरोध गर्छु।' धार्मिक ,साम्प्रदायिक युद्ध नचर्काउन बालसन्तले आग्रह गरे ।

सामाजिक सञ्जालमा सीताराम तिम्सिनाले प्राध्यापक डाक्टर दीर्घराज घिमिरे, आचार्य दुर्गाप्रसाद खतिवडा, प्राध्यापक डाक्टर भवानी खतिवडा, प्राध्यापक डाक्टर गुरुप्रसाद सुवेदी, प्राध्यापक डाक्टर ऋषिराम पोखरेल, स्वामी रमणानन्द गिरिजी महाराज, प्राध्यापक डाक्टर पुरुषोत्तम भट्टराई, प्राध्यापक डाक्टर दीपक पराजुली, प्राध्यापक डाक्टर देवमणि भट्टराई, आचार्य छन्दुराम भण्डारी, आत्मानन्द गिरिजी महाराज, ज्ञानानन्द स्वरस्वती महाराजलगायतको नाम उल्लेख गरेका छन् । यद्यपि केही गुरुजनले आफ्नो नाम जोडेकोमा आपत्ति जनाए ।

यसैबीच श्री लिङ्ग पुराणका व्यासाचार्य आचार्य लक्ष्मी खतिवडालाई सताक्षीधामको कार्यक्रम छोड्न दबाब दिएका छन्। केही धार्मिक गुरुहरूले फोन गरेर श्री शंकराचार्य पीठ वेद वेदाङ्ग संस्कृत पाठशालाका प्रमुखसमेत रहेका खतिवडालाई श्री लिङ्ग महापुराणको प्रवचन नछोडे माघ १ गतेदेखि साधुटारमा आयोजना हुने अति रुद्र महायज्ञ हुन नदिने धम्की दिएको खतिवडाले बताए ।

यसैबीच गौशालाका संरक्षक आचार्य नन्दकिशोरजी महाराजले एक प्रेस विज्ञप्ति जारी गरी यज्ञका आचार्यलाई आएको धम्की, चारैतिरको दवाव र तिलककै कारण समाज विखण्डन हुन्छ भने समाज किन विखण्डन हुन दिने भन्ने धारणाले शिव लिङ्गबाट तिलक हटाएको जनाएका छन् । उनले यस कार्यबाट आफूलाई दुःख लागेको बताउँदै आगामी दिनमा हुने गौसेवा तथा हिन्दुराष्ट्र कायमको अभियानमा कसरी सहकार्य गर्ने भन्नेमा चिन्ता उत्पन्न गराएको बताएका छन् ।

# नारायण गोपाल साँझमा स्वरसम्राटको संझना

झापा(प्रस) । नारायण गोपाल स्मृति प्रतिष्ठान झापाले बिर्तामोड-३ सैनिकमोडमा बुधवार साँझ ३४ औं स्मृति समारोह आयोजना गरी स्वरसम्राट नारायण गोपाललाई संझेको छ ।

प्रतिष्ठानले प्रत्येक बर्ष गर्दै आएको कार्यक्रमअन्तर्गत स्वरसम्राट नारायण गोपालका गीतहरु मध्येबाट केही गीत गायक झलक संग्रौला, समिर न्यौपाने र तुलसा पाठकले प्रस्तुत गरेका थिए । उनीहरुले 'म मरे पनि मेरो देश बाँचिरहोस्, म मातिएका बेला, मोहनी लाग्ला है, चुनेर पानाभरि, यति धेरै मानिसका' लगायत गीत गाउँदा जिउँदो नारायण गोपाल एवम् अरुणा लामाको संझना गराएको थियो । गीतमा संगीत भर्ने हारमोनियममा ध्रुव पाठक, लिड गितारमा फिरोज रसाइली, ड्रमप्याडमा राजु तामाङ र तबलामा दिनेश घिमिरे रहेका थिए ।

त्यसैगरी युवा कबि नवराज पराजुलीले आमाले आफ्नो छोरालाई हेप्पी बर्थडे भन्ने कबिता पस्केका थिए भने गीतकार टीका भट्टराईले रचना गरेको गीत प्रस्तुत गरेका थिए । प्रमुख अतिथि प्राज्ञ कोमल निरौलाले चर्चित गीत ' चिल हैन बेस्सरी चल्ला टिपी लाने' गीत प्रस्तुत गरेर दर्शकलाई नचाएका थिए । कार्यक्रममा बुबा अनिरुद्र ओली, आमा नन्दादेबी ओलीद्वारा स्वर्गीय छोरा मनोज ओलीको स्मृतिमा स्थापना गरिएको अक्षयकोषबाट नगद २५ हजार राशिसहित रचनाकार, गायक एवम् संगीतकार हस्त परियारलाई सम्मान गरिएको थियो ।

त्यसैगरी प्रतिष्ठानको अक्षयकोषका सदस्य अनिरुद्र ओली, शान्ता रोक्का र शैलेन्द्र सिटौलामार्फत मिर्गौलापीडित मदनकुमार ठटाल, राजकुमार शाह र राधा भट्टराईलाई उपचारका लागि प्रतिब्यक्ति १०हजार एक सय एक रुपैयाँ हस्तान्तरण गरिएको थियो भने कोषका अध्यक्ष गणेश ओलीबाट असल बुहारीको रूपमा देवीमाया खरेल न्यौपानेलाई नगदसहित सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रदेश सांसद भक्ति सिटौला, जिल्ला समन्वय समितिकी उपप्रमुख शान्ता रोक्का, बिर्तामोड नगर उपप्रमुख नरेन्द्र सग्रौला, कनकाई एजुकेसन फाउन्डेसनका संस्थापक जयनारायण ढुंगाना, संस्थापक प्रमुख सल्लाहकार उमानाथ ओली, पूर्व सांसद हरिचरण शिवाकोटी, बिर्तामोड नगरपालिकाका शिक्षा शाखा प्रमुख तिलचन भण्डारी, साहित्यकार केशव आचार्य, ओमकृष्ण बिमली मिनप्रकाश मैनालीलगायतका संगीतप्रेमीहरुको उपस्थिति रहेको थियो । मोहन शिवाकोटीले कार्यक्रमको अध्यक्षता गर्दै स्वागतसहित औचित्यमाथि प्रकाश पारेका थिए भने कार्यक्रमको सहजीकरण सचिब रुद्र सिटौलाले गरेका थिए ।

**श्री गोलोक गोवर्धन गौशाला**

**शिवसताक्षी नगरपालिका वडा नं -११ , सताक्षीधाम, झापा**

**प्रेस विज्ञप्ति**

**समादरणीय वैदिक धर्मानुरागी महानुभावहरू,**

**अनादि वैदिक सनातन हिन्दु धर्म प्रदत्त यस मातृभूमि नेपालमा अनादिकालदेखि भगवान् विष्णु, भगवान् शंकर र आद्यशक्ति परम्बा जगत्जननी भगवतीको पूजा, उपासना, जप, होम आदि यज्ञहरू भईरहेका छन् । पशुपतिनाथ भगवान् को पवित्र भूमि र शालग्राम भगवान् प्रकट**

**हुने यस देशमा मनकामना, दक्षिणकाली, पाथीभरा, शताक्षी भगवतीको भक्तहरूले विशेष श्रद्धाका साथ यज्ञ यागादि गरिरहेका छन् । ॐ कार परिवारका हिन्दु, बौद्ध, जैन, किराँत समुदायका व्यक्तिहरू कुममा कुम र हातमा हात मिलाएर राष्ट्रियता, देशप्रेम र सामाजिक भावनाको उच्च सम्मान गर्दै एक आपसमा मर्दा र पर्दा एउटै स्थानमा रहेर आपसी आत्मियतापूर्वक जीवनयापन गरिरहेका छन् । बुद्धले शान्तिको उद्घोष गरेको तथा मानवतावादी चिन्तनको पनि विकास भएको देशमा हाल आएर विधर्मी तथा नास्तिक समुदायलाई बल मिल्ने गरी आपसमा मुठभेडको अवस्था सिर्जना हुन थालिसकेको देखिन्छ । देवीका भक्त शाक्त, शिवका भक्त शैव, विष्णुका भक्त वैष्णवहरू उपास्य देव र दर्शन शास्त्रमा केही फरक पन भए पनि एकं ब्रहम द्वितीयो नास्ति भन्ने भावनाले एकै ठाउँ मिलेर बसेको समाजलाई विखण्डन गरिदै छ । सकारात्मक भावना समन्वयकारी चिन्तनमा उपासना वा यज्ञहरू गरिन थाले पनि छि□ान्वेशीहरूले त्यसमा कहाँ त्रुटि कहाँ पाइन्छ र धज्जी उडाउन पाइन्छ भन्दै लागेको देखिन्छ ।**

**वर्तमान समयमा झापा जिल्लाको शिवशताक्षी धाममा भगवान् रुद्रलाई प्रमुख इष्ट मानेर यज्ञ भईरहेको छ । भगवान् शंकर राष्ट्रदेव, देवादिदेव र प्राणीहरुका पति पशुपतिको उपासना सवैले गर्नु पर्दछ भन्ने धारणा लिएर वैष्णवहरूले विशेष भक्ति भावका साथ गर्दछन् । वैष्णवहरू भगवान् शिवका विरोधी हुन् भन्नेले यो पनि बुझ्न आवश्यक छ कि आचार्य खेमराज केशवशरण महाराज जस्ता वैष्णवले लेख्नु भएको "ॐ जय शिव शक्तर शम्भो" आरती राष्ट्रिय आरती बनिसकेको छ । निम्बार्क सम्प्रदायमा दीक्षित नेपाल राष्ट्रका जगद्गुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजजी स्कन्धपुराणका आधारमा नेपालमा नै द्वादश ज्योतिर्लिङ्ग छन् भन्दै खोज अनुसन्धान गर्दै चेतनामुलक प्रवचन गरिरहनु भएको छ । निम्बार्क सम्प्रदायमा दीक्षित प्रत्येक भक्तका मन्दिर वा घरमा शिवजीको स्थापना गरी पुजा हुने गर्दछ । त्यस्ता भक्तहरू पशुपतिनाथ, अर्जुनधारा, पिण्डेश्वर जस्ता पवित्र स्थानमा दर्शन, भ्रमण, यज्ञ र पूजा पनि गर्दछन् । रामेश्वर शब्दको व्युत्पत्ति र समास परक अर्थ हेर्ने हो भने शिव भक्त वैष्णव र विष्णु भक्त शैव हुन्छन् भन्ने अर्थ लगाएका छन् । यसरी शिवको उपासना गर्ने निम्वार्क वैष्णवहरू शिवविरोधी हुन सक्दैनन् ।**

**यस्तो वैष्णव परम्परामा आबद्ध भएर हजारौं गौमाताहरूको सेवा गर्ने वेद, पुराण आदिको प्रचार प्रसार गर्ने, भगवान् शिव र विष्णुको उपासना गर्ने र प्रत्येक आचार्यहरूको सम्मान गर्न यो शताक्षीधामले ठूलो योगदान गरेको छ । गौहत्या बन्द गर्न, देशलाई हिन्दुराष्ट्र कायम गर्ने अभियानमा पनि यो शताक्षीधामले गरेको योगदानलाई नेपाली समाजले देखेको छ । विभिन्न यज्ञ गर्ने गौमाताको सेवा गर्ने बाटो विराएर विधर्मतिर लागेका नेपालीहरुलाई धर्मको पुनर्जागारण गर्दै आफ्नो आफ्नो धर्ममा प्रत्यावर्तन गर्न यो शताक्षीधामले ठूलो भूमिका निर्वाह गरिरहेको छ । यस्तो अवस्थामा भगवान् शिवलाई इष्टदेव मानेर रुद्र महायज्ञको आयोजना यहाँ भईरहेको छ । विष्णु भगवान्प्रति श्रद्धा गर्ने स्वधर्म निष्ठ, आचरण निष्ठ, पूर्व नेपालका विद्वद्वरेण्य आचार्य प्र.पं. श्री लक्ष्मीप्रसाद खतिवडा ज्यूको आचार्यत्वमा प्रस्तुत कार्यक्रम यहाँ राखिएको शिव लिङ्गको तिलकका विषयलाई लिएर विवाद सिर्जना गरियो । वैष्णवानां यथा शम्भु तथा पद्मपुराणका आधारमा श्रद्धा र भक्तिले लगाइएको उक्त तिलकका विषयले नेपाली समाज र सामाजिक सञ्जाललाई ततायो । यो कुनै पनि साम्प्रदायिक लक्ष्यले वा समाज विखण्डनको बाटोमा जाओस् भनेर गरिएको होइन । आफ्नो भावना नै प्रमुख हो । तर यही विषयलाई लिएर केही विरोधी तत्वले वितण्डा मच्चायो । फलतः बारम्बार धम्की र मुठभेडको वातावरण सिर्जना हुन पुग्यो । यो यज्ञ र शिवलिङ्गको स्थापना समाजमा फाटो ल्याउन गरिएको होइन । यो कार्यक्रम यस श्री गोलोक गोवर्धन गौशालाको नियमित कार्यक्रम हो । यस यज्ञका आचार्यलाई आएका धम्की, चारैतिरको दवाव र तिलककै कारण समाज विखण्डन हुन्छ भने समाज किन विखण्डन हुन दिने भन्ने धारणाले उक्त तिलक हटाइयो । भगवान् शिवलिङ्गबाट तिलक हटाइए पनि हृदय निवासी गोपेश्वर भगवान् शिवको तिलक कहिल्यै पनि हट्ने छैन ।**

**यस दुःखित कार्यबाट आगामी दिनमा हुने गौ सेवा तथा हिन्दुराष्ट्र कायमका अभियानमा कसरी सहकार्य गर्ने भन्नेमा हामी सोच्न बाध्य छौं । कोसँग, कसरी, सहकार्य गर्ने भन्ने विषय बडो गम्भीर रहेको देखिन्छ । अस्तु ।**

**आचार्य श्री नन्दकिशोरजी महाराज**
**संस्थापक अध्यक्ष**
**गोलोक गोवर्धन गौशाला**

# झापाका विद्यार्थीहरुले देखाए सैन्यकला

झापा(प्रस) । नेपाली सेनाको सहयोगमा सि.सं.१९ एनसीसी सिनियर डिभिजन तालिम लिइरहेका झापाका तीनवटा विद्यालयका विद्यार्थीहरुले अरिदमन गण चारआलीमा डेमोस्ट्रेशन गरेका छन् । झापा मोडेल स्कुल, धुलाबारी माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालयका १०८ जना प्रशिक्षार्थीहरुले डेमोस्ट्रेसन गरेका हुन् । अरिदमन गणका सकलदर्जाहरुले तयार गरेको बाधापारको डेमोस्ट्रेशनमा प्रशिक्षार्थीहरुले भाग लिएको गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यातले बताए । उनले प्रशिक्षार्थीहरुका लागि गर्ने तरिकाको बारेमा अभ्यास र कक्षा संचालन गरिएको जानकारी दिए ।

बिहीवार बिहान ११ बजे अरिदमन गणमा प्रवेश गरेका प्रशिक्षार्थीहरुलाई गणपति बस्न्यातले स्वागत गरेका थिए । गत भदौ महिनादेखि झापाका तीनवटा विद्यालयमा एनसीसी सिनियर डिभिजन तालिम संचालन भइरहेको छ । झापा मोडेल स्कुल, धुलाबारी मावि र जनता माविका १८ छात्र र १८ जना छात्राका दरले जम्मा १०८ जना विद्यार्थी तालिममा सहभागी छन् । नेपाली सेनाले सिनियर र जुनियर गरि दुईवटा डिभिजन छुट्याएर तालिम दिँदै आएको छ । यसअघि अरिदमन गणले जिल्लाका सामुदायिक र संस्थागत गरी ८ वटा विद्यालयमा सिनियर डिभिजन तालिम सम्पन्न गरेको थियो । एक सय दिनको एनसीसी तालिमअन्तर्गत ७९ दिन विद्यालयमै सञ्चालन हुनेछ भने बाँकी २१ दिनको तालिम 'क्लोज क्याम्प'का रूपमा मोरङको याङशिलास्थित राष्ट्रिय सेवा दलको पूर्वी तालिम शिक्षालयमा हुने अरिदमन गणका गणपति बस्न्यातले जानकारी दिएका छन् ।

# खाद्यले धान किन्न थाल्यो

बिर्तामोड(प्रस) । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बिर्तामोडले धानको समर्थन मूल्य तोकेर बिहीवारदेखि धान खरिद गर्न थालेको छ ।

खाद्यले रंजित र सोना मन्सुली धानको मूल्य प्रतिक्वीन्टल ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसा निर्धारण गरेको हो । पहिलो चरणमा १५ हजार क्वीन्टल सोना मन्सुली र ५ हजार क्वीन्टल रंजित किन्ने तयारी गरिएको खाद्य व्यवस्था कम्पनी बिर्तामोडकी कार्यालय प्रमुख चुलमाया लोवाले बताइन् । उनले बिर्तामोडमा ५० हजार क्वीन्टल धान खरिद गर्ने कोटा रहेको जानकारी दिइन् ।

कृषि ज्ञान केन्द्र झापाका अनुसार यो वर्ष जिल्लामा ३ लाख ८५ हजार १९६.५ मेट्रिक टन धान उत्पादन भएको छ । केन्द्रका सूचना अधिकारी चेतराज भण्डारीले गत वर्षभन्दा ८ हजार ७९१ मेट्रिक टन धान बढी उत्पादन भएको जानकारी दिएका छन् ।

**गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि.**
**बिर्तामोड-५ , झापा**
**प्रकाशित मिति-२०८१/०८/२१**

**साधारण सभा सम्बन्धी सूचना**

**यस गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. को १५ औं वार्षिक साधारण सभा निम्न मिति , समय र स्थानमा हुने भएकाले यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।**

**साधारण सभा हुने मिति -२०८१ पुष २० गते शनिवार**
**स्थान- साई पार्टी प्यालेस , सिटी सेन्टर , बिर्तामोड**
**समय- बिहान ११ बजे**

**लवकुमार चौधरी**
**अध्यक्ष**

# महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान

झापा(प्रस) । २१ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा झापाका १५ जना महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरिएको छ । कोशी प्रदेश सरकारको ' एक पालिका, एक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम' अन्तर्गत झापाका १५ वटा पालिकाका १५ जना स्वास्थ्य स्वयंसेविकाहरुलाई जनही १२ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको हो ।

कार्यक्रममा मञ्जु नेपाल मेचीनगर, रमला लिम्बू बुद्धशान्ति, लता खतिवडा अर्जुनधारा, कृष्णकुमारी कटुवाल कनकाई, तुलसादेवी घिमिरे शिवसताक्षी, बिमलादेवी भट्टराई कमल, रिता गौतम दंगाल दमक, गीता कार्की थापा गौरादह, गायत्री बस्नेत गौरीगञ्ज, सकुन्तला कटुवाल झापा, मिनाकुमारी राजवंशी बाह्रदशी, विष्णुकला चौधरी बिर्तामोड, शारदा उप्रेती हल्दिबारी, सविता पोखरेल भद्रपुर र मिरा घिमिरे नेपाल कचनकवललाई सम्मान गरिएको हो ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि




जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बराल, स्वास्थ्य कार्यालय झापाका निमित्त प्रमुख चुडामणि लुइँटेल, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोशी प्रदेश उपाध्यक्ष निर्मला सुवेदी नेपालले सम्मानपत्र प्रदान गरेका थिए ।

झापाका १५ वटा पालिकामा हाल ६०५ जना सामुदायिक स्वास्थ्य स्वयंसेविकाले सेवा प्रदान गर्दै आएका छन् ।

कार्यक्रममा स्वागतसँगै औचित्यमाथि प्रकाश पार्दै स्वास्थ्य कार्यालयकी पब्लिक हेल्थ नर्स नितु साहले झापामा एक जना महिला स्वास्थ्य स्वयंसेविकाले औसतमा ४० जनालाई सेवा दिने गरेको जानकारी दिइन् । कार्यसम्पादनको आधारमा उनीहरुको औसत प्रगति ९६ प्रतिशत रहेको उनले बताइन् । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख बरालले स्वास्थ्य सेवाको क्षेत्रमा आमूल परिवर्तन ल्याउन स्वास्थ्य स्वयंसेविकाको भूमिका महत्वपूर्ण भएको बताए । आफ्नो जीवनको उर्वर समय समुदायका लागि समर्पित गर्ने स्वास्थ्य स्वयंसेविकाका विषयमा सरकारले विशेष योजना ल्याउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा स्वास्थ्य स्वयंसेविका कोशी प्रदेश उपाध्यक्ष निर्मला सुवेदी नेपालले आफूहरुलाई सरकारले स्वास्थ्य क्षेत्रको मेरुदण्डको रुपमा व्याख्या गरे पनि सेवा सुविधा दिने विषयमा ध्यान नदिएको गुनासो गरिन् ।

त्यस्तै, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका झापाकी अध्यक्ष सीता आचार्यले सेवा सुविधा दिने सन्दर्भमा झापाका पालिकाहरुमा एकरुपता नभएको बताइन् ।

. २०४५ सालदेखि काम गर्दै आएकी स्वास्थ्य स्वयंसेविका रिता गौतम दंगालले स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्यकै क्षेत्रमा काम गर्ने गरेको बताउँदै सरकारले उनीहरुको परिवारको निःशुल्क स्वास्थ्य बिमा गरिदिनुपर्नेमा जोड दिइन् ।स्वास्थ्य कार्यालयका निमित्त प्रमुख चुडामणि लुइँटेलले स्वास्थ्य स्वयंसेविकाको समस्या समाधानका लागि उपल्लो निकायमा पहल गर्ने आश्वासन दिए । उनले जिल्लामा रहेका सबै स्वास्थ्य स्वयंसेविकाको निःशुल्क बिमा गरिएको जानकारी दिए । स्वास्थ्य कार्यालयका खोप अधिकृत राजकुमार पोखरेल, कम्प्युटर अधिकृत विशाल घिमिरेलगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन कार्यालयका जनस्वास्थ्य अधिकृत प्रकाश पाठकले गरेका थिए ।

त्यस्तै २१ औं महिला सामुदायिक स्वयंसेविका दिवस मेचीनगरमा विविध कार्यक्रम गरी मनाइएको छ । नगर उपप्रमुख मीना पोखरेल उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा ५ जना महिला स्वयंसेविकालाई नगद र कदरपत्रसहित विदाई गरिएको थियो । उमेर हदका कारण उनीहरूको विदाई गरिएको हो ।

अवकाश हुने महिला स्वयंसेविकाहरू तुलसा नेपाल, सीता दाहाल,फूलमाया राई, सरस्वती घिमिरे र बेलकुमारी धिमाललाई दीर्घसेवा सम्मानसहित नगद १ लाख रूपैयाँ र कदरपत्र प्रदान गरी विदाई गरिएको हो ।सोही अवसरमा मेचीनगर नगरपालिकाका १५ वटा वडाबाट एक / एकजना महिला स्वयंसेविकाहरूलाई जनही ५/५ हजार नगदसहित उत्कृष्ट महिला सामुदायिक स्वयंसेविका पुरस्कार प्रदान गरियो । यसरी पुरस्कार प्राप्त गर्नेमा वडा नम्बर १ देखि १५ नम्वरसम्मका क्रमशः राधा कार्की , गीता काफ्ले, सावित्रा पोखरेल, बिमला दाहाल, सीता राई, तारादेबी भण्डारी , देविका खरेल दाहाल, हिरा गुरूङ, निर्मला तिम्सिना , सुशीला खरेल, बिनिता शर्मा, निर्मला दाहाल, कल्पना राजवंशी, यशोदा खतिवडा र उषा राजवंशी छन् ।

कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, प्रशासन , योजना तथा अनुगमन शाखा प्रमुख अनन्तप्रकाश वस्तीलगायतले सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूले समाजमा पुर्याएको योगदानको चर्चा गरेका थिए ।स्वास्थ्य शाखा प्रमुख सविता सापकोटाले संचालन गरेको कार्यक्रममा मेचीनगर वडा नम्बर ११ की महिला स्वयंसेविका लक्ष्मी कटवालले स्वागत मन्तव्य राखेकी थिइन् ।

त्यस्तै भद्रपुरमा तीन जना स्वास्थ्य स्वयंसेविका सम्मानित भएका छन् । दिवसको अवसरमा भद्रपुर नगरपालिकाको सभाहलमा बिहीबार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भद्रपुरले आयोजना गरेको कार्यक्रममा वडा नं १ की डम्बर कुमारी श्रेष्ठ , वडा नं ६ की प्रवीण अली र वडा नं १० की योगमाया भण्डारीलाई मायाको चिनोसहित सम्मान गरिएको हो । नगरको १० वटा वडामा खटिएका ४९ जना स्वास्थ्य स्वयंसेविकामध्ये तीन जनालाई नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की र प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाले सम्मानपत्र प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि नगर प्रमुख पोखरेलले मातृ तथा शिशुको स्वास्थ्यमा अहोरात्र खटिएर महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्ने स्वास्थ्य स्वयंसेविकालाई धन्यवाद दिएका छन् ।

स्वास्थ्य स्वयंसेविका भद्रपुरका नगर अध्यक्ष सीता आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख कार्की, प्रमुख प्रशासकीय अधिकृत निरौलालगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन सचिव शिला खड्काले गरेकी थिइन् ।


## वायु प्रदुषणबाट जोगिऔं

**वायु प्रदुषणलेः**

- **फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छ,**
- **मुटु, रक्तसञ्चार प्रणाली, मष्तिष्कमा समेत गम्भीर असर पुंर्‍याउन सक्छ,**
- **सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ.**
- **सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ ।**

**त्यसैलेः**

- **वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,**
- **कच्ची सडकहरू कालोपत्रे गरौं,**
- **घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,**
- **घर, सडक तथा, सार्वजनिक स्थानको सरसफाई गरौं ।**
- **वायु प्रदुषणको असरबाट बचौ र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०८/२१

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **०७औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **०८औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालयः ईलाम**<br>**ऋणीः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, उद्योग बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, इलाममा मिति २०६५/०४/२६ मा प्रा.फा.नं. १३०/०६५/६६ अन्तर्गत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना इलाम जिल्ला इलाम न.पा वडा न.०६ मा अवस्थित श्री **सृष्टिना किराना पसल** ।<br>**प्रोपाइटर/धितो जमानतकर्ता**<br>नाम : दल बहादुर तामाङ्ग<br>बाबु : मैते तामाङ्ग<br>बाजे : जडुल तामाङ्ग<br>ना प्र नं :३४२/७३७ (२०४६/०१/३० दोलखा)<br>ठेगाना दोलखा जिल्ला, चंखु गा.बि.स वडा न. ७ स्थायी ठेगाना भै हाल इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ८ बस्ने<br>**ऋणीः**<br>प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ती मन्त्रालय, बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय इलाममा मिति २०७३/०१/१० मा प्रा.फा.र.नं. ७७९/०७२/७३ अन्तरर्गत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना इलाम जिल्ला इलाम न.पा वाड न.०६ मा अवस्थित **श्री दिदिभाई कोल्ड स्टोर ।**<br>**प्रोप्राइटरः**<br>नाम : इश्वरी तामाङ्ग<br>बाबु : मान बहादुर तामाङ्ग<br>पतिः दल बहादुर तामाङ्ग<br>ना प्र नंः ०३०४१३/५४४ (२०६३/१२/०१ इलाम )<br>ठेगाना इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ६ स्थायी ठेगाना भै हाल इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ८ बस्ने । | **चालुपुँजी कर्जा** | **दल बहादुर तामाङ्ग**को नाममा मा.पो.का. इलाम मा दर्ता कायम रहेको इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ६ स्थित कि.नं. ७७२ र कि.नं.१३८३ को क्षेत्रफल क्रमश ०-४-०-० र ०-२-१-२ रोपनी तथा इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ५, स्थित कि.नं. ४४८ को क्षेत्रफल १-५-०-० (रो.प.औ.दा) जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानतकर्ताः**<br>नाम : संस्कार तामाङ्ग<br>बाबू : दल बहादुर तामाङ्ग<br>बाजे : मैते तामाङ्ग<br>ना.प्र.नं :-०३-०१-७६-०१२५५(२०७३/०३/१३ इलाम)<br>ठेगाना :- इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ८<br>स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने । | **व्यक्तिगत जमानतकर्ता/धितोजमानत कर्ता**<br>नाम : दल बहादुर तामाङ्ग<br>बाबू : मैते तामाङ्ग<br>बाजे : गखर तामाङ्ग<br>ना.प्र.नं :-३४२/७३७(२०४६/०१/३० दोलखा)<br>ठेगाना :- दोलखा जिल्ला, चंखु गा.वि.स, वडा नं. ०७<br>स्थायी ठेगाना भै हाल इलाम जिल्ला, इलाम नगरपालिका, वढा नं. ८ बस्ने । | |
| २ | **ऋणीः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ती मन्त्रालय,बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, इलाम मिति २०७३/०२/०५ मा प्रा.फ.र.नं. ७८६/०७२/७३ अन्तर्गत रजिष्टर्ड भएको रजिष्टर्ड ठेगाना इलाम जिल्ला इलाम न.पा वाड न.०५ मा अवस्थित **तामाङ किराना पसल** ।<br>**प्रोप्राइटर/व्यक्तिगतजमानीकर्ता/धितो जमानतकर्ता :**<br>नाम : ढाल बहादुर तामङ ।<br>बाबु : मैते तामङ<br>बाजे : गखरे तामङ<br>ना प्र नं :८९८६/३४३ (२०५४/०८/२९ दोलखा)<br>ठेगाना दोलखा जिल्ला, चंखु गा.बि.स वडा न. ७ स्थायी ठेगाना भै हाल इलाम जिल्ला,इलाम नगरपालिका, वडा नं. ९ बस्ने । | **चालुपुँजी कर्जा** | ढाल बहादुर तामाङ्गको नाममा मा.पो.का. इलाम मा दर्ता कायम रहेको इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ५, स्थित कि.नं. ३०५ को क्षेत्रफल १-०-०-० सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानीकर्ताः**<br>नाम : शिव हरी तामाङ्ग<br>बाबू : ढाल बहादुर तामाङ्ग<br>बाजे : मैते तामाङ्ग<br>ना.प्र.नं :-०३-०१-७४-०१३३२(२०७४/०४/१० इलाम)<br>ठेगाना :- ईलाम जिल्ला, ईलाम नगरपालिका, वडा नं. ९<br>स्थायी ठेगाना भै हाल ईलाम नगरपालिका, वडा नं. ९ बस्ने । | **व्यक्तिगत जमानीकर्ताः**<br>नाम :भीम कुमारी तामाङ्ग<br>बाबू : नर बहादुर तामाङ्ग<br>पति : ढाल बहादुर तामाङ्ग<br>ना.प्र.नं :- :२०२६/८३६४ (२०५४/११/०५ सिन्धुली)<br>ठेगाना :- सिन्धुली जिल्ला, टाडी,गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भै हाल इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ९ बस्ने । | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।

२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।

३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।

४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।

९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

सम्पादकीय

## स्वयंसेविकाको योगदानलाई कदर गरौं

बिहीवार २१ औँ राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका दिवस मनाइएको छ । नेपालको स्वास्थ्य सेवामा महिला स्वास्थ्य स्वयंसेविका परिचालनको इतिहासले साढे तीन दशक पूरा गरिसकेको भए पनि अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस (डिसेम्बर ५) को अवसर पारेर २०६१ सालदेखि यो दिवस मनाउन थालिएको हो । यो दिवस महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य सेवा प्रदायक, सेवाका सेवाग्राही र आम सरोकारवालाहरूका लागि आफैंमा महत्व राख्ने दिन हो । नेपालमा मनाइने यो दिवसले नेपाली समाजमा सदियौँदेखि प्रचलनमा रहेको स्वयंसेवी भावनालाई सुदृढ तुल्याउनमा महत्वपूर्ण टेवा पुऱ्याउने गरेको छ । सँगसँगै नेपालजस्तो विकासोन्मुख देशको स्वास्थ्य सेवा प्रवाहका सन्दर्भमा यस क्षेत्रको 'आँखा र कान'को उपमाले चिनिने महिला स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उकास्न समेत यो दिवसको सान्दर्भिकता रहेको छ ।

सरकारले राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमअन्तर्गत स्वास्थ्य स्वयंसेविका परिचालनसम्बन्धी विभिन्न क्रियाकलापहरू नियमितरूपमा सञ्चालन गर्दै आएको छ । नेपालका हरेक गाउँपालिका र नगरपालिकाहरूको वडास्तरसम्म महिला स्वास्थ्य स्वयंसेविकाको उपस्थिति रहेको छ । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार यस्ता स्वयंसेविकाहरूको संख्या ५१ हजार चार सय २३ रहेको छ । आजभन्दा करिब साढे तीन दशकअघि अर्थात् आर्थिक वर्ष २०४४/४५ मा २७ जिल्लाबाट सुरु भई क्रमशः विस्तार हुँदै आर्थिक वर्ष २०५१/५२ मा देशभर विस्तार भएको महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम आफैँमा नेपालको स्वास्थ्य क्षेत्रमा निकै सफल मानिएको कार्यक्रम हो । स्थानीयस्तरमै बसोबास गर्ने साक्षर, विवाहित र स्वयंसेवी भावना भएका महिला छनोट गरी स्वास्थ्य स्वयंसेविकाका रूपमा उनीहरूको क्षमता विकास गरिने भएका कारण पनि दशकौँदेखि यो कार्यक्रम दिगो र भरपर्दो रूपमा सञ्चालन भइरहेको पाइन्छ । समुदायको तल्लो तहसम्म स्वयंसेविकाहरूको यस किसिमको उपस्थिति र जराधार तहसम्म फैलिएको यो सञ्जाल मुलुकको स्वास्थ्य क्षेत्रको निकै ठूलो सामर्थ्य एवं सम्पत्तिका रूपमा रहेको छ ।

नेपालको स्वास्थ्य सेवामा स्वयंसेविकाहरूले पुऱ्याइरहेको योगदानलाई उनीहरूको संलग्नता रहेका कार्यक्रमहरूमा हासिल भएका प्रगति सूचकहरूबाट पनि हेर्न सकिन्छ । नेपालले सहस्राब्दी विकास लक्ष्यअन्तर्गत बाल मृत्युदर, शिशु मृत्युदर र दादुराविरुद्धको खोप गरी तीनवटै स्वास्थ्य सूचकहरूमा हासिल गरेको उल्लेख्य प्रगतिमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको महत्वपूर्ण योगदान रहेको छ । देशको स्वास्थ्य क्षेत्रमा भएको यस किसिमको ठोस प्रगतिमा नीति निर्माता, चिकित्सक, स्वास्थ्यकर्मी, समुदाय सँगसँगै मुलुकभरका स्वयंसेविकाहरूको व्यक्तिगत एवं सामूहिक पहल र योगदानलाई कम आकलन गर्न मिल्दैन ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# स्वास्थ्य बिमाको दायरा



• वशिष्ठ तिवारी

नेपालमा सञ्चालित सरकारी कार्यक्रममध्ये सबैभन्दा बढी लोकप्रिय बनेको कार्यक्रम स्वास्थ्य बिमा हो । यो कार्यक्रम आर्थिक दृष्टिले कमजोर, शारीरिक दृष्टिले फरक क्षमता भएको व्यक्तिका लागि वरदान साबित भएको छ । करिब एक दशकदेखि कैलाली जिल्ला सुरु भई हाल ७७ जिल्ला एवं ७५३ स्थानीय तहसम्म विस्तार भइसकेको छ । यस्तो अवस्थामा स्वास्थ्य बिमा बोर्डमा बोर्ड अध्यक्ष एवं कार्यकारी निर्देशक नभएकाले नियमित कार्यक्रम सञ्चालनमा कठिनाइ हुनु स्वाभाविक हो । स्वास्थ्य बिमा कार्यक्रम सुदृढ ढङ्गले सञ्चालन गर्न आर्थिक स्रोत सुनिश्चित गर्नुबाहेकका विकल्प देखिँदैन । नागरिकको स्वास्थ्यको जिम्मेवारी राज्यको भए पनि नेपाल जस्तो मुलुकले उपचारको पूरै व्ययभार ग्रहण गर्न सक्ने अवस्था छैन । त्यसैले केही अंश राज्यले तिर्ने केही अंश नागरिकले तिर्ने गरी ल्याइएको उपलब्धिमूलक कार्यक्रम स्वास्थ्य बिमा हो । यस कार्यक्रमले कुल जनसंख्याको एक चौथाइको स्वास्थ्य बिमाको माध्यमबाट स्वास्थ्य संस्थामा पहुँच पुगेको छ । उपचारका लागि अस्पताल गएका नागरिक सहज ढङ्गले सुविधा लिएर उपचार गराई घर फर्केको देख्न सकिन्छ ।

चर्को महँगीका कारण सर्वसाधारणले आफैँ खर्च गरेर उपचार गराउने हैसियत धेरैको छैन । यस्तो अवस्थामा स्वास्थ्य बिमा गरिब, पीडित, दीर्घ रोगी एवं सर्वसाधारणका लागि वरदान भएको छ । स्वास्थ्य बिमा विकल्प नभएर सारा नेपाली नागरिकको आवश्यकता भएको छ । यसमा केही नीतिगत सुधार गर्नु नितान्त आवश्यक छ । समय अनुरूप यस कार्यक्रमलाई नागरिकको हित अनुरूप परिमार्जन गर्दै लैजानु आवश्यक छ । स्वास्थ्य बिमाका विभिन्न कमीकमजोरी सजिलै देख्न सकिन्छ, जसको निदान सरकारको पहिलो प्राथमिकता हुनु पर्छ । राज्य वा सरोकारवाला निकायद्वारा सेवा प्रदायक स्वास्थ्य संस्थाले गुणस्तरीय एवं प्रभावकारी ढङ्गले सेवा दिए/नदिएको विषयमा अनुगमन समयसापेक्ष हुन हुन भने नसकेको गुनासो नागरिक तहबाट आउने गरेको छ । तसर्थ सेवा प्रदायक स्वास्थ्य संस्थाको अनुगमन गरी भई आएका समस्या वा नागरिकले गरेको गुनासोको सम्बोधन तत्काल गरी संविधानप्रदत्त नागरिकको हक रक्षामा राज्यको प्रमुख भूमिका हुन्छ । अझ स्वास्थ्य बिमा बोर्डले जनताको विश्वास जित्न र यसको प्रभावकारी सञ्चालनमा अझ ठुलो भूमिका खेल्नु आवश्यक छ । सरकारले त नीति बनाउने हो, कार्यान्वयनको जिम्मेवारी त बोर्डको हो ।

सामाजिक सुरक्षा एवं उपचारका नाममा संघीय सरकार, प्रदेश सरकार एवं स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गरेको देखिन्छ जबकि प्रायःजसो कार्यक्रम उपलब्धिमूलक हुन नसकेको गुनासो छ । तीन वटै तहले आआफ्ना कार्यक्रम स्वास्थ्य बिमामा मर्ज गर्नु पहिलो आवश्यकता हो । सामाजिक सुरक्षाको सम्पूर्ण कार्यक्रम एकद्वार प्रणालीबाट प्रदान गरी नागरिकको हक हितको रक्षा गर्नु पहिलो दायित्व हुन्छ । आर्थिक वा सुविधा अभावमा कुनै नागरिकको ज्यान तलमाथि भयो भने त्यसको सम्पूर्ण उत्तरदायित्व राज्यको हुनु पर्छ । किनकि संविधानले नागरिकलाई स्वास्थ्य अधिकार सुरक्षित गरेको छ । त्यसैले स्वास्थ्यका सपूर्ण कार्यक्रम एकद्वार प्रणाली लागु गरी उपलब्ध गराउने हो भने यस्तो अवस्था नआउन सक्छ । हाल विभिन्न प्रकारका बिमा सरकारले आफैँ सञ्चालन गर्दै आएको छ । कर्मचारी स्वास्थ्य बिमा, सामाजिक सुरक्षा कोषको स्वास्थ्य बिमा आदि अब नागरिकले कुन-कुन स्वास्थ्य बिमा गराउने वा बिरामी भएको बेला कुनबाट सुविधा लिने भन्ने विषयमा अन्योल छ । यस्तो दुविधापूर्ण अवस्था अन्त्य हुनु पर्छ । हाल सबैभन्दा बढी लोकप्रिय एवं नागरिकको घरदैलोसम्म पुगेको कार्यक्रम स्वास्थ्य बिमालाई मात्र एकल रूपमा सञ्चालन गरी जनतालाई भ्रमित हुनबाट बचाएर एकद्वार प्रणालीद्वारा स्वास्थ्य बिमा सुविधालाई लागु गराउनु आवश्यक छ ।

राज्यद्वारा जनतालाई उपलब्ध हुने भनेको विभिन्न पसलका विभिन्न उत्पादन होइन, बरु उपचार हो स्वास्थ्य बिमालाई स्थायित्व प्रदान गरी यसमा कार्यरत अनुभवी जनशक्तिको स्थायित्वमा तीनै तहका सरकार गम्भीर हुनु पर्छ । नेतृत्व फेरिन्छ तर व्यवहार पुरानै देखिन्छ । देशका अधिकांश नागरिक स्वास्थ्य उपचारको कारणले गरिबीको रेखामुनि या दबिएर बस्नु परेको छ । कतिपयलाई त उपचार अभावमा रोग लागेर अकालमै ज्यान गुमाउनु परेको छ । राज्य हुँदाहुँदै कुनै नागरिकको आर्थिक अभावमा ज्यान जाने अवस्था आउन दिनु हुँदैन । नागरिकको शिक्षा तथा स्वास्थ्य जस्तो संविधानप्रदत्त महत्वपूर्ण अधिकार दिलाउन राज्यले कुनै पनि कसर बाँकी राख्नु हुँदैन ।

नयाँ नयाँ कार्यक्रम थप गर्ने विषयमा निकै उत्साह हुन्छ । नयाँ कार्यक्रम थप गर्नु भन्दा भइरहेका कार्यक्रम अझ प्रभावकारी बनाउँदा त्यसले नागरिकमा सरकारप्रतिको विश्वास बढाउँछ । वरदान साबित भएको स्वास्थ्य बिमा कार्यक्रमलाई विवादरहित र सर्वसुलभ बनाउने हो भने त्यसले नागरिकमा ठुलो प्रभाव पर्ने छ । गुणस्तरीय सेवा एवं मापदण्डको व्यवस्थापन वर्तमानको आवश्यकता हो । त्यसका लागि स्वास्थ्य बिमालाई कुनै पनि किसिमको रोग लाग्न दिनु हुँदैन । बिमा नै बिरामी भयो भने त्यसले नागरिकलाई उचित सेवा दिन सक्दैन । यसका लागि दिगो आर्थिक स्रोत सुनिश्चित गरी स्वास्थ्य बिमा बोर्डलाई प्रभावकारी बनाउन ढिला गर्नु हुन्न ।

स्वास्थ्य बिमा नेपालको सन्दर्भमा नौलो अभ्यासका रूपमा रहे पनि थोरै समयमै यसले पारेको प्रभाव प्रशंसनीय छ । स्वास्थ्य बिमा जति व्यवस्थित ढङ्गले सञ्चालन हुन्छ त्यति नै नागरिकको जीवन सुरक्षित हुन्छ । स्वास्थ्य नागरिकले मात्र मुलुकलाई समृद्धिको मार्गमा लैजान सहयोग गर्न सक्छ । स्वास्थ्य बिमाको आयस्रोत सुनिश्चित नभएको विषय सार्वजनिक हुँदै गर्दा यसका लागि स्थायी स्रोतको व्यवस्था गर्न राज्यले कुनै कसर बाँकी राख्नु हुँदैन ।

# गौरवका आयोजनाका अड्चन



• भुदेव झा

नेपालको संविधानले संघीय सरकारलाई नीति निर्माण, नियमन तथा ठुला र बृहत् प्रभाव पार्ने आयोजना तर्जुमा एवं कार्यान्वयनको जिम्मेवारी दिएको छ । प्रदेश तह विकास निर्माणको प्रमुख तह हुने र स्थानीय तह सेवा प्रवाहको पहिलो विन्दु हुने परिकल्पना गरेको छ । राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा ठुला आयोजना संघीय सरकारबाट, मझौला तथा साना आयोजना प्रदेश र स्थानीय तहबाट कार्यान्वयन भइरहेका छन् । नेपाल सरकारले हालसम्म २४ वटा आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याएको छ ।

काठमाडौँको मूलपानी क्रिकेट रङ्गशाला र विराटनगरको गिरिजाप्रसाद कोइराला रङ्गशालालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा निर्माण गरिने उल्लेख भएसँगै राष्ट्रिय गौरवको आयोजनाको संख्या छब्बिस पुग्ने छ । राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने मापदण्ड हालसम्म तय नगरिएको भए पनि मूलतः मुलुकको आर्थिक, सामाजिक रूपान्तरण गर्न सघाउ पुऱ्याउने खानेपानी, रेलमार्ग, विमानस्थल, जलविद्युत्, सिँचाइ, वन तथा पर्यटनसम्बद्ध भौतिक पूर्वाधार जस्ता रणनीतिक महत्वका आयोजना, वित्तीय र प्राविधिक रूपमा चुनौतीपूर्ण ठुला आयोजना र सांस्कृतिक महत्वका आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा घोषणा गरिएको छ । राष्ट्रिय गौरवका आयोजनालाई स्रोत विनियोजनमा प्राथमिकता दिई स्रोतको अभाव हुन नदिन र कार्यान्वयनमा सघन अनुगमन गर्ने गरिएको छ ।

आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० मा निर्धारित उद्देश्य प्राप्त गर्न निश्चित बजेट र समय सीमाभित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिने विभिन्न विषय क्षेत्रसँग सम्बन्धित आयोजना र प्रचलित नेपाल कानुनबमोजिम संघ, प्रदेश वा स्थानीय तहले सञ्चालन गर्ने कुनै कार्यक्रम वा योजनालाई 'आयोजना' भनेर परिभाषित गरिएको छ । आर्थिक वर्ष २०८०/८१ सम्म कुल २४ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये माथिल्लो तामाकोशी जलविद्युत् आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थल मात्र सम्पन्न भएको छ । यसरी घोषणा भएको करिब १५ वर्षमा केवल तीन वटा राष्ट्रिय गौरवका आयोजना मात्र सम्पन्न भएका छन् । लुम्बिनी क्षेत्र विकास कोष, पशुपति क्षेत्र विकास कोष र मेलम्ची खानेपानी आयोजनासहित चार वटा आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा धेरै छ । त्यसैगरी ५० देखि ८० प्रतिशतसम्म भौतिक प्रगति भएका सात वटा र ५० प्रतिशतभन्दा कम भौतिक प्रगति भएका आयोजनाको संख्या छ वटा रहेका छन् । बुढीगण्डकी जलविद्युत् आयोजना, पश्चिम सेती जलविद्युत् आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना सुरु नै भएका छैनन् भने तीन वटा आयोजना नयाँ छनोट भएका छन् ।

**प्रमुख समस्या तथा समाधानका क्षेत्र**

नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनामा ठुलो धनराशि लगानी गरिरहेको छ । राष्ट्रको उन्नति र समृद्धि त्यस्ता आयोजनाको सफलतामा समेत निर्भर गर्छ । यद्यपि आयोजनाबाट समयमा नै आशातीत रूपमा प्रतिफल प्राप्त हुन सकेको छैन । विकास प्रशासन कर्मचारीले मात्र गर्ने हो भन्ने मान्यता, कर्मचारीतन्त्रको क्षमता र नैतिकतामा रूपान्तरण नहुनु, राजनीतिमा नीतिगत र संस्थागत अवरोध हटाउने क्षमता र नैतिकता नहुनु, योजना र बजेट विनियोजन गरेपछि स्वतः विकास हुने मनोविज्ञान राजनीतिक नेतृत्वमा देखिनु जस्ता कारणले नेपालमा राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन एवं व्यवस्थापनमा समस्या देखिएका छन् ।

राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन तहमा राष्ट्रिय योजना आयोगको भूमिका शून्यप्रायः छ । राष्ट्रिय विकास समस्या समाधान समितिमार्फत आयोजनाको कामलाई गति दिने गरी ताकेता गर्न, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय एवं सहजीकरण गर्न तथा आयोजनाका समस्या तत्काल समाधान गर्न राष्ट्रिय योजना आयोगलाई सक्रिय बनाउनु पर्छ । राष्ट्रिय योजना आयोगलाई प्रधानमन्त्रीको थिङ्क ट्याङ्कका रूपमा विकास गर्नु पर्छ ।

राष्ट्रिय गौरवका आयोजनाका रूपमा सञ्चालित आयोजनाको नै विस्तृत आयोजना प्रतिवेदन तयार नभई सञ्चालन भएको छ । पुष्पलाल (मध्यपहाडी) राजमार्ग, मदन भण्डारी राजमार्ग, उत्तरदक्षिण राजमार्गहरूको एकमुष्ट रूपमा विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छैन । म्याद थप नभएका आयोजना बिरलै छन् । आयोजनाको समय निर्धारण गर्न 'वर्क ब्रेकडाउन स्ट्रक्चर' जस्ता विधि प्रयोग गर्न सकिन्छ । यसमा आयोजनाका कार्यलाई साना सेगमेन्ट र सब-सेगमन्टमा विभाजन गरी उक्त कार्यका लागि आवश्यक पर्ने समयावधि निर्धारण गरी सोको आधारमा समग्रमा आयोजनाको समयावधि निर्धारण गरिन्छ । नेपालमा विधिको प्रयोग नगरी तजबिजी रूपमा समयावधि निर्धारण गर्दासमेत निर्माण कार्यको म्याद थप हुने गरेको छ । काठमाडौँ तराई द्रुतमार्गलगायतका आयोजनामा 'वर्क ब्रेकडाउन स्ट्रक्चर' विधि अपनाउन सुरु भएको छ ।

आयोजना चक्रका कार्यलाई व्यवस्थित र प्रणालीबद्ध गर्न तथा समयमा नै सम्पन्न गर्न विश्वव्यापी रूपमा क्रिटिकल पाथ मेथड, क्रिटिकल चेन मेथड, प्रोग्राम इभ्यालुएसन एण्ड रिभ्यु टेक्निक आदि विधिको प्रयोग गरिन्छ । राष्ट्रिय गौरवका आयोजनाले उल्लिखित विधिको प्रयोग गरेको पाइँदैन । जसले गर्दा आयोजनाको समय व्यवस्थापन फितलो भएको छ । उपयुक्त विधिको प्रयोग गरी योजनाको म्याद र समय व्यवस्थापन गर्नु पर्छ । उचित र पर्याप्त कारणबिना म्याद थप गर्नु हुँदैन । नियमित रूपमा प्रगति प्रतिवेदन लिने, डेली डायरी राख्न लगाउने, सीपिएम, पर्टलगायतका विधिबाट सोको अनुगमन नियन्त्रण गर्ने कार्य गर्नु पर्छ । उपयुक्त खरिद विधि अपनाइ सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्छ । विश्वव्यापी रूपमा उत्तम मानिएका खरिद विधि अपनाउने सम्बन्धमा अध्ययन गर्नु पर्छ । लगानीमैत्री वातावरण र लगानी सुरक्षाको प्रत्याभूति गरी सार्वजनिक निजी साझेदारीमार्फत आयोजना सञ्चालन गर्नु पर्छ । भेरिएसनबिना निर्माण कार्य सम्पन्न नहुने भए पनि नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनामा खरिद सम्झौता रकममा बढोत्तरी मात्र हुने गरी उल्लेख्य प्रतिशतमा नै भेरिएसन हुने गरेको छ ।

डिजाइन तयार गर्ने, आयोजना कार्यान्वयन गर्ने र निर्माण गर्ने पक्ष फरक फरक रहँदा आयोजनाको कार्यान्वयन चरणमा समस्या देखिन्छ । एक पक्षले अर्को पक्षको त्रुटि देखाउँदै जिम्मेवारी पन्छाउने प्रवृत्ति छ । जसका लागि निर्माण कार्यसँग सम्बन्धित खरिदका मोडालिटीमा समेत अध्ययन गर्नु पर्छ । निर्माण व्यवसायीलाई जिम्मेवार बनाई समयमा कार्य सम्पन्न गर्न इपिसिई (इन्जिनियरिङ, प्रोक्युरम्यान्ट, कन्स्ट्रक्सन एन्ड फाइनासिङ) विधि विश्वव्यापी रूपमा उत्तम मानिएको छ । जसमा आयोजनाको डिजाइनदेखि हस्तान्तरणसम्म निर्माण व्यवसायी जिम्मेवार रहने गर्छ । त्यसै गरी आयोजना कार्यान्वयन गर्ने निकायको एक्लो प्रयासले मात्र सम्पादन हुन नसक्ने विषय जस्तै, दातृ निकायबाट राय र सहमति प्राप्त गर्ने विषय, बहुवर्षीय आयोजनाको स्वीकृति, जग्गा प्राप्ति, जनशक्ति आपूर्ति, रुख कटान, सार्वजनिक, निजी एवं वन क्षेत्रको जग्गा उपयोग, नदी एवं खानीजन्य निर्माण सामग्री प्राप्ति, स्रोत सुनिश्चितता तथा रकमान्तर र स्रोतान्तर गर्ने विषय, वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने विषयमा सम्बन्धित निकायबिचको समन्वय प्रभावकारी नहुँदासमेत राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमा जटिलता थपिएको छ ।

आयोजना व्यवस्थापन प्रभावकारी नहुनुमा जनशक्ति व्यवस्थापन पनि प्रमुख कारण हो । कर्मचारीको सरुवा निश्चित अवधि नतोकिएको, आर्थिक वर्षको मध्यमा आयोजना प्रमुखको सरुवा हुने, आयोजनाको अस्थायी दरबन्दी बजेट घोषणासँगै स्वीकृत व्यवस्था नहुने र कार्यसम्पादन अनुसार प्रोत्साहनको व्यवस्था नहुनाले आयोजना व्यवस्थापनमा कर्मचारी प्रशासनको पाटो फितलो देखिन्छ । आयोजना व्यवस्थापक तथा आयोजनामा कार्य गर्ने सम्पूर्ण कर्मचारीले निश्चित आचरण पालना गर्नु जरुरी हुन्छ । प्रोजेक्ट म्यानेजमेन्ट इन्स्टिच्युटले आयोजना व्यवस्थापनमा संलग्न व्यावसायिक व्यक्तिका लागि चार पक्षलाई आचारसंहितामा समावेश गरेको छ । जसमा निष्ठा, जिम्मेवारी, सम्मान र निष्पक्षता पर्छन् । नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनामा व्यवस्थापक तथा अन्य कर्मचारी निजामती सेवाबाट पदस्थापन हुने र उनीहरूले निजामती सेवा ऐन अनुसारका आचरण पालना गर्नुपर्ने व्यवस्था छ । आयोजना व्यवस्थापनका लागि संलग्न हुने कर्मचारीका लागि छुट्टै आचारसंहिता तयार गरेको देखिँदैन ।

राष्ट्रिय गौरवका आयोजनाको अनुगमन गर्न विभिन्न संरचना तथा समितिहरूको कानुनी व्यवस्था गरिएको छ । आयोजना कार्यालय, परामर्शदाता, सहयोग दाता, सम्बन्धित मन्त्रालय र विभाग, संसदीय समिति आदिबाट आयोजनाको अनुगमन तथा मूल्याङ्कन हुने गर्छ । प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको व्यवस्था गरिएको छ । अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० अनुसार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिक अवधिमा कम्तीमा एक पटक र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक द्वैमासिक अविधमा कम्तीमा एक पटक बस्छ । त्यसै गरी राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति र सम्बन्धित मन्त्रालय सचिवको संयोजकत्वमा मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमितिको समेत व्यवस्था गरिएको छ । अनुगमन, मूल्याङ्कन र नियन्त्रणका लागि धेरै संयन्त्र भए पनि राष्ट्रिय गौरवका आयोजना व्यवस्थापनमा त्यसको असर सकारात्मक रूपमा पर्न सकेको छैन । संयन्त्रहरूले नियमित रूपमा कार्य नगर्नु, अनुगमन मूल्याङ्कन औपचारिकतामा मात्र सीमित रहँदा नतिजामुखी हुन नसक्नु, राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिबाट भएका निर्णय कार्यान्वयन नहुनु र सोको अनुगमन मूल्याङ्कन नगर्नु, सरोकारवाला निकाय सम्मिलित संयुक्त अनुगमन टोली गठन गरी अनुगमन गर्ने प्रणालीको विकास नगरिनुले राष्ट्रिय गौरवका आयोजनाको प्रगति सन्तोषजनक छैन ।

अनुगमन तथा मूल्याङ्कन ऐन तथा निर्देशिका आउनुअघि राष्ट्रिय योजना आयोगले योजनाको अनुगमन तथा मूल्याङ्कनलाई विश्वसनीय, व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ जारी गरेको थियो । उपलब्ध कानुनी व्यवस्था अनुकूल मापनयोग्य प्रमुख कार्यसम्पादन सूचक तयार गरी उक्त सूचकहरूलाई कार्यसम्पादन करार सम्झौतासँग आबद्ध गरी राष्ट्रिय गौरवका आयोजनाको अनुगमन मूल्याङ्कनलाई नतिजामूलक बनाउनु पर्छ । अनुगमन तथा मूल्याङ्कनलाई सहभागितामूलक, सहकार्यमूलक तथा सूचना प्रविधिसँग आबद्ध बनाउनु पर्छ । गठित अनुगमन तथा मूल्याङ्कन संयन्त्रका निर्देशन कार्यान्वयनको समेत अनुगमन गर्नु पर्छ । सर्वपक्षीय अनुगमन प्रणालीको विकास त्यत्तिकै आवश्यक छ । राष्ट्रिय गौरवका आयोजना अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी भएका निकायले प्रभावकारी रूपमा अनुगमन वा मूल्याङ्कन गरे वा नगरेको विषयमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले निरन्तर निगरानी गर्नु पर्छ । अनुगमन तथा मूल्याङ्कन नियमावली तर्जुमा गरी तत्काल लागु गर्नु पर्छ ।

आयोजना निरन्तर जारी रहने क्रिया होइन । तोकिएको निश्चित अवधिभित्र आयोजना सम्पन्न हुनु पर्छ । तसर्थ, राष्ट्रिय गौरवका आयोजना निश्चित समयावधिमा तोकिएको स्रोतसाधन प्रयोग गरी सम्पन्न गर्न सरकार तत्पर हुनु पर्छ । राष्ट्रिय गौरवका केही आयोजना सम्पन्न हुने चरणमा रहेकाले तिनीहरूका लागि पर्याप्त बजेट विनियोजन गरी सकेसम्म छिटो सम्पन्न गर्नु पर्छ । हालसम्म पनि निर्माण सुरु हुन नसकेका आयोजनाको विश्लेषण तथा मूल्याङ्कन गरी सञ्चालन वा खारेज गर्ने सम्बन्धमा सरकारले उचित निर्णय लिनु पर्छ । मन्त्रालय तथा निकायहरूले बजेट माग गर्न वा स्रोत सुनिश्चितताका लागि अधिकांश आयोजना र कतिपय पूर्वतयारी नभएका आयोजनालाई समेत पहिलो प्राथमिकतामा राख्ने गरेको तथा अधिकांश आयोजना कार्यान्वयन भने समयमै हुन नसक्दा लागत वृद्धि हुँदै गएको र कतिपय आयोजनाको सान्दर्भिकता समाप्त हुने अवस्था रहेकाले ठोस कदम चाल्न ढिलाइ गर्नु हुँदैन ।

# कोशी प्रदेशमा अगुवा कम्युनिष्टको इतिहास लेखिने

विराटनगर(प्रस) । नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशी प्रदेश प्रचार तथा प्रकाशन विभागले नेपाली कम्युनिष्ट आन्दोलनका सुरुवाती समयका व्यक्तिहरुको खोजी गरी इतिहास प्रकाशन गर्ने भएको छ ।

बिहीवार बिराटनगरमा भएको विभागको पहिलो बैठकले प्रदेशभरबाट ५० जना हाराहारी अगुवा राजनीतिक व्यक्तित्वहरुको इतिहास लेखन तथा प्रकाशन गर्ने लगायतका महत्वपूर्ण निर्णयहरु गरेको हो ।

कम्युनिष्ट पार्टी स्थापनापछि असहज अवस्थामा पार्टी निर्माण र समाज रुपान्तरणको आन्दोलनमा भूमिका निर्वाह गरेर योगदान गरेका तर, पार्टी नेतृत्वमा नदेखिएका, राजकीय र लाभको पदमा कहिल्यै नगएका 'गुमनाम' योद्धाहरुको खोजी गरी दस्तावेज प्रकाशन गर्न लागिएको बैठकपछि विभागका प्रमुख लक्ष्मण तिवारीले जानकारी गराए ।

कोशी प्रदेशका प्रत्येक जिल्लाबाट न्यूनतम ३ जना त्यस्ता ज्येष्ठ अगुवाहरुको इतिहासको दस्तावेजीकरण गरी कम्तीमा ५० जना अग्रजहरुका इतिहास समेटिने गरी प्रचार विभागका उपप्रमुख भीमज्वाला राईको संयोजकत्वमा टिम निर्माण गरिएको हो । उक्त टिममा मोहनकाजी न्यौपाने, देवेन्द्र कार्की, सुमन पुरी, अविजाल विष्ट र हरिबोल आचार्यलाई सदस्य तोकिएको छ ।

बैठकले यही मंसिर २८ गतेका लागि निर्धारित नेपाल पत्रकार महासंघको तीनै तहको निर्वाचन तोकिएकै समयमा सम्पन्न गर्न प्रेस चौतारी नेपाललाई प्रभावकारी भूमिका खेल्न निर्देशन पनि गरेको छ । बैठकले श्रमजीवी पत्रकारहरुको हितका लागि निर्माण भएको गठबन्धनको नेतृत्वलाई जिताउन र साझा सहमतिका आधारमा जिल्लाहरुको बाँडफाँट तथा उमेद्वारहरुको टुंगो लगाउन चौतारीको कार्यदललाई सहयोग पुर्याउने पनि निर्णय गरिएको विभागका उपप्रमुख भीमज्वाला राईले जनाएका छन् ।
त्यस्तै पार्टी कोशी प्रदेशको मुखपत्र 'रातो झण्डा' प्रत्येक ६ महिनामा प्रकाशन गर्ने गरी प्रचार विभागका सचिव यज्ञ शर्माको संयोजकत्वमा सम्पादन मण्डलको गठन गरिएको छ । उक्त सम्पादन मण्डलमा गोपाल काफ्ले र देवेन्द्र कार्कीलाई सदस्य तोकिएको छ ।

उक्त बैठकले पार्टीको सन्देशहरु प्रवाह गर्न उपयुक्त सञ्चारमाध्यम सञ्चालनको सम्भाव्यता अध्ययनका लागि प्रचार विभाग सदस्य मोहनकाजी न्यौपानेको संयोजकत्वमा सुमन पुरी, गोपाल काफ्ले, नेत्र पी अधिकारी र रेनुका राई सदस्य रहेको कार्यदल गठन गरेको छ ।
यसैगरी बैठकले सबै जिल्लामा प्रेस चौतारी नेपाल, पार्टीको जिल्ला प्रचार विभाग र पार्टीको कामलाई प्रभावकारी बनाउने उद्देश्यले १४ वटै जिल्लाहरुमा फोकल पर्सनको जिम्मेवारी दिएको छ । सो प्रयोजनका लागि प्रचार विभाग सदस्य गोपाल काफ्लेलाई इलाम र पाँचथर जिल्ला तथा मोहनकाजी न्यौपानेलाई झापा र ताप्लेजुङको फेकल पर्सनको जिम्मेवारी तोकिएको छ ।
त्यस्तै प्रदेशमा रहेका सञ्चार गृहहरुलाई संरक्षण र व्यवस्थापन हेतुले प्रेस चौतारी नेपाल कोशी प्रदेश अध्यक्ष अविजाल विष्टको संयोजकत्वमा विवरण संकलन र सहयोग कार्यदल गठन गरेको छ ।

नेकपा (एमाले) स्थायी कमिटीका सदस्य तथा कोशी प्रदेश इन्चार्ज शेरधन राईको प्रमुख आतिथ्यतामा भएको बैठकको अध्यक्षता प्रचार विभाग प्रमुख लक्ष्मण तिवारीले गरेका थिए । बैठकमा कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडा, प्रदेश सचिव राजकुमार भण्डारी, केन्द्रीय प्रचार विभाग सदस्य लीलाराज भट्टराई तथा प्रेस चौतारी कोशी प्रदेश इन्चार्ज गणेश पोखरेलको सहभागिता थियो ।

# मेचीनगरका नगर प्रहरीलाई सवारीसाधन हस्तान्तरण

मेचीनगर(प्रस) । मेचीनगर नगरपालिकाका नगर प्रहरीलाई काममा सहज होस् भन्ने उद्धेश्यले सवारीसाधन हस्तान्तरण गरिएको छ ।
बिहीबार विहान नगरपालिकामा आयोजित कार्यक्रममा नगर प्रमुख गोपालचन्द्र बुढाथोकी , उपप्रमुख मीना पोखरेल उप्रेतीले नगर प्रहरी प्रमुख प्रहरी सहायक निरीक्षक श्याम गिरीलाई गाडीको साँचो संयुक्तरूपमा हस्तान्तरण गरेका हुन् ।
सो अवसरमा नगर प्रमुख बुढाथोकीले नगरभित्र हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्न र नगरको अहित हुने हरेक क्रियाकलापप्रति चनाखो भएर काम गर्न नगर प्रहरीलाई निर्देशन दिए ।

उपप्रमुख उप्रेतीले न्यायिक समितिले गरेका निर्णय तथा बजारमा हुने कालोबजारी, खाद्य वस्तुको कृत्रिम अभाव तथा वजार अनुगमनमा समेत नगर प्रहरीको महत्वपूर्ण भूमिका हुने भन्दैं त्यसतर्फ पनि ध्यान दिन निर्देशन दिइन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, प्रशासन , योजना तथा अनुगमन शाखा प्रमुख अनन्तप्रकाश वस्तीले नगर प्रहरीको काम कर्तव्य र अधिकारलाई बुझेर नगरवासीबीच पुग्न र नगर प्रहरी नगरवासीकै हुन् भन्ने सन्देश दिन लाग्न सुझाव दिएका थिए ।

# दोमुखा रिसोर्टका संचालक मैनालीले बिर्तामोडमा खोले दरबार रेष्ट्रो



झापा(प्रस) । झापाको पर्यटकीय स्थल दोमुखामा दोमुखा रिसोर्ट संचालन गरिरहेका वीरेन्द्र मैनालीले आफ्नो होटल व्यवसाय बिर्तामोडमा पनि विस्तार गरेका छन् । उनले बिर्तामोडको भद्रपुर रोडमा रहेको लक्ष्मण मार्केटमा करिव साढे तीन करोड रुपैयाँको लगानीमा दरबार रेष्ट्रो संचालनमा ल्याएका हुन् । जुन रेस्टुरेन्टको बिहीवार एक कार्यक्रमका बीच शिवसताक्षी नगरपालिकाका नगर प्रमुख मेगाहाङ थोप्रा(रोशन) र बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले संयुक्तरुपमा उद्घाटन गरेका छन् । सो रेस्टुरेन्ट वीरेन्द्र मैनाली , उनकी श्रीमती विनिता मैनाली र छोरा सुरज शर्माले संचालनमा ल्याएका हुन् । तन्दुरी , पिजा , सेकुवालगायत सबै किसिमका स्वादिष्ट परिकारहरु पारिवारिक वातावरणमा उपलव्ध रहेको संचालक वीरेन्द्र मैनालीले बताए । उनले कन्काई नदीको लोकल माछा दोमुखा रिसोर्टसंगै दरबार रेष्ट्रोमा पनि पाइने जानकारी दिए । रेस्टुरेन्टमा सांगीतिक साँझको व्यवस्था रहेको अर्का संचालक विनिता मैनालीले बताइन् । उद्घाटन कार्यक्रममा बोल्दै शिवसताक्षी नगर प्रमुख थोप्रा र बिर्तामोड नगर उपप्रमुख संग्रौलाले लगानी सुरक्षित रहोस् भन्दै सफलताको शुभकामना दिएका थिए । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष ओमकृष्ण बिमली , नेपाल उद्यमशील महिला संघकी अध्यक्ष पार्वता खरेल बिमली, इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्ट, लक्ष्मण मार्केटका संचालक अन्जु खड्कालगायतको उपस्थिति रहेको थियो । मार्केटका संचालक दिपेन्द्र राउतले स्वागत गरेको कार्यक्रमको संचालन संचारकर्मी लीला अनमोलले गरेकी थिइन् ।

# उत्कृष्ट कृषक, उत्कृष्ट गृहिणी र राष्ट्रिय प्रतिभा पुरस्कृत

मेचीनगर(प्रस) । लाल भागिरथा बानियाँ प्रतिष्ठान धाइजनले तीन जना उत्कृष्ट प्रतिभाहरूलाई सम्मान गरेको छ ।
बिहीवार प्रतिष्ठानले मेचीनगर-११ स्थित जालपा सामुदायिक भवनमा छैठौं वार्षिकोत्सव एवम् सम्मान कार्यक्रममा उत्कृष्ट कृषक, उत्कृष्ट गृहिणी र राष्ट्रिय प्रतिभालाई नगदसहित सम्मान गरेको हो ।
सम्मानित हुनेहरुमा उत्कृष्ट कृषक मेचीनगर नगरपालिका-५ की अनिताकुमारी कार्की, उत्कृष्ट गृहिणी बुद्धशान्ति गाउँपालिका-५ की रेणुका संग्रौला चापागाईं र राष्ट्रिय प्रतिभा पुरस्कारबाट मेचीनगर नगरपालिका-७ का देबेन्द्र खरेल रहेका छन् । उनीहरूलाई जनही ३१ हजार रूपैयाँसहित सम्मान गरिएको हो ।
पुरस्कृत ५७ वर्षीया उत्कृष्ट कृषक कार्की शिक्षण पेशाबाट निवृत जीवनलाई सदुपयोग गर्दै परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी करेसाबारी खेतीलाई व्यावसायिक कृषिमा रुपान्तरण गरेकी छन् ।
अर्ग्यानिक तरकारी उत्पादनमा विशेष रुचि राख्ने उनले ५ कठ्ठा जग्गाको करेसाबारीमा ओडब्ल्युडीसी प्रविधिबाट जैविक मल प्रयोग गरेर दर्जनौं प्रकारका तरकारी, फलफुल र अन्न खेती गरेकी छन् ।

यसैगरी, ४३ वर्षीया उत्कृष्ट गृहिणी चापागाईं आफ्ना सन्तानको पालनपोषण गर्ने, ज्येष्ठ नागरिकको स्याहार, उपचार र संरक्षणमा सदैव काम गरिरहेकी छन् । वृद्ध अवस्थाका दुवैजना क्यान्सर पीडित सासु र ससुराको नियमित उपचार, हेरचाह गरिरहेकी छन् । वुहारी भएर पनि छोरी सरह सासु-ससुराको स्याहारसुसारमा कमि हुन दिएकी छैनन् ।
त्यस्तै ५१ वर्षीय राष्ट्रिय प्रतिभा खरेल मेची चरा तथा बन्यजन्तु संरक्षण समाजका अध्यक्ष, वाइल्डलाइफ फोटोग्राफर, फोटो पत्रकार र सामाजिक अभियन्ता हुन् । उनले ३४० प्रकारका चराको खोज, ४७७ प्रकारका चराको तस्वीर खिचिसकेका छन् ।
उनले मेचीनगर-७ मा नेपालमा नै पहिलो पटक हरित परेवा चरा फेला पारेका छन् । त्यस्तै खरेलले इलामको सूर्योदय नगरपालिकामा हङरायो दुर्लभ चरा समेत फेला पारिसकेका छन् ।
सम्मानितहरुको सम्मानपत्र प्रतिष्ठानका सदस्य मोहनराज दाहालले बाचन गरेका थिए ।
यस्तै प्रतिष्ठानले ८० वर्षमाथिका दुई जना दम्पत्तिलाई समेत नगदसहित सम्मान गरेको छ । मेचीनगर-११ का ८६ वर्षीय भिमप्रसाद चापागाई र ८८ वर्षीया विष्णुमाया चापागाई नगद एकहजार २ सय, खाद्यान्नसहित सम्मान गरिएको छ ।
कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय योजना आयोगकी सदस्य एवम् दमक नगरपालिकाकी पूर्व उपमेयर गीता अधिकारीले यो कार्यक्रमले युवा वर्गहरुलाई पूर्खाहरुको सम्मान गर्नुपर्छ भन्ने पाठ सिकाएको बताएकी छन् ।
प्रतिष्ठानले समाज रुपान्तरणमा पुर्‍याएको यस्तो प्रकारको सम्मानको राज्यका लागि सन्देश पनि रहेको उनको जोड थियो ।
कार्यक्रममा जिल्ला समन्वय समिति झापाकी उपप्रमुख शान्ता रोक्का, मेचीनगर नगरपालिकाकी उपमेयर मीना पोखरेल उप्रेती, वडा नम्बर ११ का वडाध्यक्ष रुद्र डाँगी, पत्रकार चन्द्र भण्डारी, सम्मानित व्यक्तित्वहरु देबेन्द्र खरेल, अनिताकुमारी कार्कीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा मेचीनगर-११ का भानु आधारभूत विद्यालयका विद्यार्थीहरुले आकर्षक नृत्य प्रस्तुत गरेका थिए ।
लाल भागिरथा बानियाँ प्रतिष्ठानका अध्यक्ष हरिचरण बानियाँ र सदस्य आशा बानियाँ उप्रेतीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए ।
प्रतिष्ठानका अध्यक्ष बानियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत उपाध्यक्ष मनोज बानियाँ, सञ्चालन सचिव डम्बर देउजा र धन्यवादसहितको समापन सदस्य उपेन्द्र बानियाँले गरेका थिए ।

# निर्माण व्यवसायी संघको अधिवेशन पुसको तेस्रो साता

बिर्तामोड(प्रस) । झापाका निर्माण व्यवसायीहरुको व्यावसायिक छाता संगठन निर्माण व्यवसायी संघ झापाको १६ औं वार्षिक साधारणसभा तथा अधिवेशन आउँदो पुसको तेस्रो साता विर्तामोडमा हुने भएको छ ।

संघका अध्यक्ष मिलन वस्नेतको अध्यक्षतामा यसै साता बसेको कार्यसमितिको पूर्ण बैठकले संघको १६ औं वार्षिक साधारणसभा तथा जिल्ला अधिवेशन बिर्तामोड २ स्थित हिमाल सागर पार्टी प्यालेसमा गर्ने निर्णय गरेको संघका महासचिव पुष्पराज निरौलाले जानकारी दिए । पुस २१ गते साधारणसभाको उद्घाटन तथा बन्दसत्र हुनेछ भने २२ गते कार्यसमिति चयनका लागि निर्वाचन हुने महासचिव निरौलाले बताए ।

१६ औं साधारणसभा तथा अधिवेशनको प्रमुख अतिथिको रुपमा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कार्कीलाई निमन्त्रणा गरिएको पनि महासचिव निरौलाले बताए ।
कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहलगायत केन्द्रीय नेतृत्वहरुको सहभागिता रहने पनि निरौलाले बताए ।
यो साधारणसभा तथा अधिवेशनले आगामी तीनवर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्ने भएकोले झापाली निर्माण व्यवसायी माझ चुनावी चहलपहल पनि शुरु भइसकेको बुझिएको छ । अध्यक्षलगायत पदाधिकारी र सदस्यका आकांक्षीहरु देखिन सुरु भइसकेको एकजना निर्माण व्यवसायीले बताए ।

संघले अधिवेशनमा सहभागिताका लागि संघमा दर्ता भएका सदस्य फर्महरुलाई पुस १५ गतेसम्ममा नवीकरण गर्न सूचित गरिसकेको छ । यसपटक अधिवेशनमा ३५० जनाको हाराहारीमा प्रतिनिधि सहभागी हुनसक्ने संभावना रहेको संघका कार्यालय सचिव ज्योति पौडेलले जानकारी दिए ।


**शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## सधियारका नाममा जारी १५ दिने सूचना

मिति : २०८१-०८-०४

यस शिवसताक्षी नगरपालिका को दुधे वडा नं. ०९ मा अवस्थीत कित्ता नं. २४०८४, क्षेत्रफल ०-०-१२ मा भवन निर्माण गर्ने घरधनी श्री मन्जु लिम्बुले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन बनाउन नक्सा पास गरी पाउँ भनि निवेदन पेश गरेकोमा सधियारको नाममा यो सूचना पेश गरिएको छ । निवेदन साथ पेश हुन आएका प्रमाण र नापीको आधारमा निर्माण स्वीकृति दिँदा तपाईको जग्गा तथा सार्वजनिक स्थलको हानी नोक्सानी हुन्छ हुँदैन, सन्धी सर्पन हानी नोक्सानी हुन्छ/हुँदैन हानी नोक्कासी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्न सूचीत गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराईन्छ ।

**१. जग्गाको चार किल्लाको विवरण:**

| दिशा | छोडेको आफ्नो जग्गा | सधियार | |
|---|---|---|---|
| | | कि.नं. | नाम |
| पूर्व | - | २४०८५ | - |
| पश्चिम | - | ९९१८ | - |
| उत्तर | - | - | सडक |
| दक्षिण | - | २४०८५ | - |

**घर/कम्पाउण्डको नाप: लम्बाई: ४० फि. ५ ई., चौडाई:२५ फि.४ ई.,उचाई : ३३ फि. तला संख्या: २**



**बिर्तामोड नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**कोशी प्रदेश, नेपाल**

## विज्ञापन राख्न अनुमति लिने सम्बन्धी सूचना

प्रस्तुत विषयमा बाह्य विज्ञापन सामग्रि राख्न विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा ४ तथा बिर्तामोड नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम विज्ञापन गर्न चाहने फर्म, ब्यक्ति, कम्पनी तथा संस्थाले नगरपालिकाको अनुमति लिएर मात्र विज्ञापन सामग्रि राख्न पाउँने ब्यवस्था बमोजिम बिर्तामोड नगरपालिकाको क्षेत्रभित्र ब्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापन सामग्रिहरु (होडिङ्ग बोर्ड, भित्ते लेखन, फ्लेक्स प्रिन्ट, डिपिएस बोर्ड, पोल ब्यानर,डिजिटल बोर्ड, ग्लोसाईन बोर्ड, लाईट होल्डिङ्ग बोर्ड 2D/3D बोर्ड, स्वागतद्धार आदि) विज्ञापन सामग्रि राख्न अनुमति नलिएका विज्ञापन सामग्रि नगरपालिकाबाट हटाईने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अनुमति लिनहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त समयभित्र अनुमति नलिएमा वा अटेर गरी विज्ञापन सामग्रि राखेको पाईएमा नगर कार्यपालिकाबाट हटाईने छ र सो सामग्रि हटाउँदा लाग्ने खर्च समेत विज्ञापन दाताबाट असुलउपर गरिने ब्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**मिलन भट्टराई**
**प्रमुख प्रशासकिय अधिकृत**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आज शुभकार्यको चर्चा चल्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** शुभ कार्यमा सरिक भइनेछ । आँटेको र ताकेको कार्य पनि पुरा होला ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।